# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.

च. नं.

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ मंसिर २१ गते

# कारागारको अवस्था सुधार्न पत्राचार

राष्ट्रिय मानव मानव अधिकार आयोगले कारागार तथा बन्दीगृहहरूको अवस्था सुधार्न आग्रह गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पत्राचार गरेको छ ।

पत्रमा भूकम्प, आगलागी एवम् सुरक्षाको दृष्टिले कारागार तथा बन्दीगृहहरूको अवस्था जोखिमपूर्ण रहेको रहेको उल्लेख गरिएको छ ।

अधिकांश कारागार तथा बन्दीगृह बन्दीहरूको अत्याधिक चापको कारण अव्यवस्थित रहेको उल्लेख गर्दै महिला बन्दी र तिनका साथमा रहेका बालबालिकाहरूको उचित लालनपालन र शिक्षादीक्षा प्रदान गर्ने व्यवस्था नभएको भन्दै पत्रमा चिन्ता व्यक्त गरिएको छ ।

कारागार यथार्थमा यातनागृह नभई सुधारगृह हो भन्दै कारागार र बन्दीहरुको हकहित संरक्षण गर्न तथा उनीहरुको व्यावसायिक सीप विकास, शिक्षा आर्जन र स्वास्थ्य शारीरिक तथा मानसिक विकासको निम्ति आवश्यक सीपमूलक तालिम, पुस्तकालय र खेलकुँदको पर्याप्त र उचित प्रबन्ध मिलाउन आग्रह गरिएको छ ।

'कारागार तथा बन्दीगृहको अवस्थामा यथोचित सुधार गरी राष्ट्रिय मानवअधिकार आयोगको 'कारागार तथा हिरासत अनुगमन मार्गनिर्देशिका, २०६५' अनुसार बन्दीहरुको हक-हित सम्वर्द्धन र संरक्षणमा तत्काल सुधार ल्याउन आवश्यक देखिन्छ । आयोगले विगतमा यस सम्बन्धी गरेका सिफारिशहरू र नेपाल सरकार आफैंले बनाएका 'कारागार सुधार सम्बन्धी उच्चस्तर आयोग' ले दिएका महत्वपूर्ण सुझावहरूलाई व्यवहारमा प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न नेपाल सरकारलाई आग्रह गर्दछ ।' पत्रमा भनिएको छ ।

विशाल खनाल

सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org